# कोहलपुर राजपत्र

**खण्ड :०३** **संख्या : ०२** **प्रकाशित मिति : २०७६/०४/०१**

नेपालको संविधान धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम कोहलपुर नगर सभाले बनाएको तललेखिए बमोजिमको **सेवाग्राही संस्थाहरु संग समन्वय गरी काम गर्न बनेको निर्देशिका-२०७६** सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## भाग-०२

## कोहलपुर नगरपालिका

## सेवाग्राही संस्थाहरु संग समन्वय गरी काम गर्न बनेको निर्देशिका,२०७६

**प्रस्तावना** : कोहलपुर नगरपालिकामा काम गर्ने गैरसरकारी संस्थाहरु, प्राइभेट कम्पनी, फार्महरु, अन्य सेवाग्राहीहरुसंग नगरपालिकाले काम गर्दा समन्वय , सम्झौता, सहकार्य, र परिचालन, अनुगमन, र निर्देशन गर्न आवश्यक परेकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) को (१) र कोहलपुर नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा (४) ले दिएको अधिकार प्रयोग गरी कोहलपुर नगरसभाले यो निर्देशिका बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस निर्देशिकाको नाम “ **सेवाग्राही संस्थाहरु संग समन्वय गरी काम गर्न बनेको निर्देशिका-२०७६** ” रहेको छ ।

(२) यो निर्देशिका कोहलपुर नगरसभाले स्वीकृत गरे पश्चात तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा:** विषय वा प्रसङगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :

(क) “ऐन” स्थानिय सरकार सञ्चालन ऐन २०७४ र कोहलपुर नगरपालिकाको प्रशासकीय कार्यविधि ( नियमित गर्ने) ऐन, २०७४ लाई सम्झनु पर्छ ।

(ख) “नगर सभा” भन्नाले कोहलपुर नगरपालिकाको नगर सभालाई सम्झनु पर्छ ।

(ग) “कार्यपालिका” भन्नाले  कोहलपुर नगरपालिका कार्यपालिकालाई सम्झनु पर्छ ।

(घ) “प्रमुख” भन्नाले कोहलपुर नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्छ ।

(ङ) “उप-प्रमुख” भन्नाले कोहलपुर नगरपालिकाको उप-प्रमुखलाई सम्झनु पर्छ ।

(च) “कोहलपुर नगरपालिका” भन्नाले नेपालको संविधान बमोजिम गठन भएको कोहलपुर नगरपालिका सम्झनु पर्छ ।

(छ) “प्रमुख प्रशासकिय अधिकृत” भन्नाले कोहलपुर नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनु पर्छ ।

(ज) “दातृ निकाय” भन्नाले समाज कल्याण वा सामाजिक सेवा र विकास कार्यमा सहयोग गर्ने विदेशी सरकार वा संघ,संस्थालाई सम्झनु पर्दछ ।

(झ) “विषयगत समिति” भन्नाले कोहलपुर नगरकार्यपालिकामा गठित विभिन्न विषयगत समितिलाई सम्झनु पर्छ ।

(ञ) “गैरसरकारी संस्था” भन्नाले लाभांश वा मुनाफा वितरण गर्ने उद्देश्य नराखी प्रचलित कानुन बमोजिम दर्ता भई कार्य गर्ने सामाजिक संघ संस्थाहरुलाई सम्झनु पर्छ ।

(ट) “विधान” भन्नाले गैरसरकारी संस्थाको विधान सम्झनु पर्छ ।

(ठ) “कार्यसमिति सदस्य” भन्नाले गैरसरकारी संस्थाका कार्यसमितिका सदस्यलाई जनाउँछ ।

(ड) “सामाजिक सेवा र विकास कार्य” भन्नाले नेपाली समाजको समतामूलक विकास, सामाजिक रुपान्तरण, लोकतन्त्र, मानव अधिकारको संरक्षण तथा प्रवर्द्धन, महिला, दलित,बालबालिका,ज्येष्ठ नागरिक, गरिब, अशक्त एवं अपाङ्ग, यौनिक अल्पसंख्यक तथा उपेक्षित समुदायको सर्वोपरी हित, क्षमता विकास, सशक्तिकरण, आर्थिक विकास, सेवा र पुनर्स्थापनाका लागि गरिने कार्य सम्झनु पर्दछ ।

(ढ) “संघ संस्था” भन्नाले लाभांश वा मुनाफा वितरण गर्ने उद्देश्य नराखी संघसंस्था दर्ता ऐन २०३४, राष्ट्रिय निर्देशन ऐन २०१८ अनुसार दर्ता भएका तथा समाजकल्याण ऐन २०४९ अनुसार आवद्ध सामाजिक संस्थाहरुलाई सम्झनु पर्छ ।

(ण) “स्थानीय तह” भन्नाले नगरपालिका लाई जनाउनेछ ।

(त) "गैसस" भन्नाले गैरसरकारी संस्था लाई जनाउने छ ।

(थ) "अन्तर्राष्ट्रिय गैरसरकारी संस्था" भन्नाले विदेशमा दर्ता भई नेपालमा सामाजिक सेवा तथा विकास कार्यमा संलग्न हुने र त्यस्तो कार्यमा सहयोग गर्ने संस्थालाई सम्झनु पर्दछ ।

## परिच्छेद-२

## संघ संस्थाहरुको वर्गीकरण र सामाजिक विकास कार्यक्रम

**३.संस्थाहरुको सूची तयार गर्ने :**

(१) कोहलपुर नगरपालिकामा काम गरिरहेका तथा काम गर्न चाहने सम्पूर्ण संघ संस्थाहरुको सूची तयार गरिने छ ।

(२) सूची तयार गर्दा तपशिल अनुसार वर्गीकरण गरी अलग सूची तयार गर्नेछ ।

**(क) सामाजिक संस्थाह**रु : ( सामाजिक सचेतना, शुसासन, लैङ्गीक तथा सामाजिक समावेशीकरण, दलित अधिकार, महिला तथा बालअधिकार, मानवअधिकारको संरक्षण तथा प्रवर्द्धन, सामाजिक विकास, वातावरण संरक्षण तथा जलवायु परिवर्तन, खानेपानी तथा सरसफाई, क्षमता विकास, सामाजिक परिचालन, भौतिक पूर्वाधार विकास, जीविकोपार्जन तथा आर्थिक क्रियाकलाप, मानवीय सहायता, प्राकृतिक श्रोत संरक्षण र व्यवस्थापन, गरिबी निवारण, पैरवी, उपभोक्ताहरुको हित संरक्षणका लागि स्थापित नागरिक संस्थाहरु, )

(ख) खेलकुद विकास संस्थाहरु

(ग) धार्मिक साँस्कृतिक संस्थाहरु

(घ) प्रतिष्ठान, ट्रष्ट तथा गुठीहरु

(ङ) परोपकार संस्थाहरु

(च) पेशागत संस्थाहरु

(छ) संजाल तथा महासंघहरु

(ज) उपभोक्ता समुहहरु

(झ) अनुसन्धान संस्थाहरु

(ञ) सामुदायिक संस्थाहरु

**४. सामाजिक कार्यक्रम :** (क) कोहलपुर नगरपालिकाले सामाजिक संघ संस्थाहरु मार्फत सामाजिक परिचालन, नागरिक अधिकार, सामाजिक सचेतना अभिवृद्धि , शुसासन प्रवर्द्धन तथा विकास कार्यक्रमहरु सञ्चालन गर्नेछ ।

(ख) कोहलपुर नगरपालिकाले सामाजिक परिचालन लगायतका कार्यहरु गर्दा **दफा ३** बमोजिम सूचीकृत गैससहरुलाई प्राथमिकता दिई समन्वय र साझेदारी गर्नेछ ।

(ग) संस्थाले आफ्नो उद्देश्य अनुसारका कार्यक्रमहरुमा मात्र खर्च गर्ने गरी आफ्नो श्रोत निर्माणका लागि आयमुलक कार्यक्रमहरु संचालन गर्न सक्नेछन् ।

(घ) नगरपालिकाले सामुदायिक विकासको क्षेत्रमा कार्यरत सम्पूर्ण गैरसरकारी संस्थाहरुको सूची अद्यावधिक गरी कार्यक्रम तथा लगानीमा हुने दोहोरोपन हटाउन सक्नेछ ।

**५.कोहलपुर नगरपालिकाको दिगो विकास सम्बन्धी कार्यक्रम संचालन :** कोहलपुर नगरपालिकामा दिगो विकास सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्दा नगरपालिकाले देहाय बमोजिमका विशेष कार्यक्रमहरु छनौट गरी साझेदारीमा संचालन गर्नेछ :

(क) महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, यौनिक अल्पसंख्यक, आदिवासी, जनजाति तथा दलित, मुस्लीम, असहाय लगायत पिछडिएका एवं सीमान्तकृत समुदायको हित र कल्याण सम्बन्धी कार्यक्रम,

(ख) रोजगार एवं स्वरोजगार सिर्जना सम्बन्धी कार्यक्रम,

(ग) कोहलपुर नगरपालिकाको विकासका लागि सहभागिता अभिवृद्धि गर्ने र लैङ्गीक तथा सामाजिक मूलप्रवाहीकरण कार्यहरु,

(घ) ऐन कानुन, मानवअधिकार, लोकतन्त्र, सुशासन संरक्षण तथा प्रवर्द्धनात्मक कार्यहरु,

(ङ) स्रोत साधनमा पछाडि पारिएका समुदायहरुको पहुँच, स्वामित्व र नियन्त्रण बढाउने कार्य ,

(च) कृषि तथा पशु उत्पादन, खाद्य सुरक्षा तथा पोषण कार्यक्रम,

(छ) सामाजिक कुरीति तथा अन्धविश्वास विरुद्धको कार्यक्रम,

(ज) गरिबी निवारण, आय आर्जन तथा सीप विकास सम्बन्धी कार्यक्रम,

(झ) नागरिक कर्तव्य तथा दायित्व सम्बन्धी सचेतना कार्यक्रम,

(ञ) वन तथा वातावरण संरक्षण,फोहरमैला ब्यवस्थापन,जलवायु परिवर्तन अनुकुलन तथा प्रभाव न्यूनिकरण एवं विपद् जोखिम न्यूनीकरण सम्बन्धी कार्यक्रम,

(ट) स्वास्थ्य जनचेतना अभिवृद्धि तथा सेवा प्रवाह सम्बन्धी कार्यक्रम,

(ठ) शिक्षा लगायत आधारभूत शैक्षिक उद्देश्य परिपूर्ति गर्ने सम्बन्धी विविध कार्यक्रम,

(ड) पिउने पानी, सरसफाई, जलश्रोत व्यवस्थापन तथा लघु तथा वैकल्पिक उर्जा विकास,

(ढ) भौतिक पूर्वाधार विकास निर्माण तथा मर्मत सम्बन्धी

# परिच्छेद-३

# कार्यक्रम संचालन र समन्वय

**६.कोहलपुर नगरपालिकासँग समन्वय :**

(१) यस निर्देशिका अन्तर्गत सूचीकृत भएका र हुन चाहने संस्थाहरुले आफूले गर्ने काम र कार्यक्षेत्र नगरसभामा पेश गर्ने वा समन्वय वा जानकारी गराई काम गर्नुपर्नेछ ।

(क) एक वर्ष भन्दा छोटो अवधिको परियोजनाहरु, सभा, सम्मेलन, गोष्ठी, तालिम, कार्यशाला, नागरिक शिक्षा, सुशासन तथा जवाफदेहिता प्रवर्धन, मानव अधिकार प्रवर्धन, सर्वेक्षण र अध्ययन अनुसन्धान सम्बन्धी कामहरु गर्दा कोहलपुर नगरपालिकालाई जानकारी गराई कार्यक्रम सञ्चालन गर्ने । कार्यक्रम सम्पन्न पश्चात प्रतिवेदन कोहलपुर नगरपालिकालाई बुझाउँनु पर्नेछ ।

(ख) कोहलपुर नगरपालिको नियमित र विषयगत कामसंग मेल खाने प्रकृतिका परियोजना तथा कार्यक्रमहरुमा नगरपालिकासंग समन्वय गरेर काम गर्ने ।

(ग) एक वर्ष भन्दा लामो एवं बहुवर्षीय भौतिक निर्माणका परियोजना वा कुनै कार्यक्रम संचालन गर्नु परेमा कोहलपुर नगरपालिकासंग स्वीकृति लिएर काम गर्ने ।

(२) गैससहरुले संचालन गर्ने एक वर्ष भन्दा लामो वा बहुवर्षीय परियोजना वा कार्यक्रम कोहलपुर नगरपालिकाको योजना तर्जुमा प्रक्रिया मार्फत नगरपालिकाको एकीकृत वार्षिक कार्यक्रम तथा बजेटमा समावेश हुने गरी पेश गर्नु पर्नेछ र नगरसभाबाट स्वीकृत गर्नुपर्नेछ ।

(३) नगरसभा सम्पन्न भएपछि गैससहरुको कार्यक्रम तथा बजेट स्वीकृत गर्नु पर्ने भएमा नगरपालिकाबाट स्वीकृत गराउनु पर्नेछ र अर्को आर्थिक वर्षको नगरसभाबाट अनुमोदन गराउन सकिनेछ ।

**७.गैसस समन्वय समिति गठन :** (१) गैससहरुसंग समन्वय र साझेदारी प्रवर्धन गर्न निम्न बमोजिम  गैसस समन्वय समिति गठन गरिनेछ ।

(क) नगरपालिका उप- प्रमुख - संयोजक

(ख) सामाजिक विकास समितिका संयोजक-सदस्य

(ग) वडा अध्यक्षहरु मध्येबाट एक जना- सदस्य

(घ) नगरकार्यपालिका सदस्यहरु मध्येबाट दलित र महिला एक-एक जना रहने गरी २ जना- सदस्य

(ङ) गैसस महासंघ नेपालको एक जना प्रतिनिधि -सदस्य

(च) सामाजिक विकास शाखा प्रमुख- सदस्य सचिव

(छ) आवश्यकताको आधारमा गैसस सम्बन्धि विज्ञलाई आमान्त्रीत सदस्य को रुपमा राख्न सकिनेछ।

(२) समन्वय समितिको बैठक र कार्यविवरण भने समन्वय समितिले निर्णय गरे बमोजिम हुनेछ।

**८. प्रगति प्रतिवेदन पेश गर्नुपर्ने :** (१) नगरपालिकामा कार्यक्षेत्र भएका सबै गैरसरकारी संस्थाले कोहलपुर नगरपालिका समक्ष प्रत्येक आर्थिक वर्ष समाप्त भएको ५महिना भित्र लेखापरीक्षण प्रतिवेदन एवम् वार्षिक प्रगति प्रतिवेदन पेश गर्नु पर्नेछ।

**९.सामाजिक परीक्षण तथा सार्वजनीक सुनुवाई सम्बन्धी व्यवस्था :**

(१) गैरसरकारी संस्थाले सञ्चालन गरेका कार्यक्रमको लक्ष्य, बजेट, कार्यक्रम एवं उपलब्धिका बारेमा कार्यक्रम कार्यान्वयन गरिएको स्थानका समाजसेवी, सञ्चारकर्मी, नागरिक समाज एवं उपभोक्ता समेतको सहभागितामा वार्षिक रुपमा सामाजिक परीक्षण, सार्वजनीक लेखा परीक्षण र सुनुवाइ गर्नु पर्नेछ।

(२)नगरपालिकाले गैरसरकारी संस्थाहरुको लागि सामाजिक लेखा परीक्षण र सार्वजनीक सुनुवाई सम्बन्धी मार्गनिर्देशिका बनाई लागु गर्न सक्नेछ।

**(१०) गैरसरकारी संस्थामा कोहलपुर नगरपालिकाको संलग्नता :** (१) नगरपालिकाका पदाधिकारी, सदस्य र कार्यरत कर्मचारीहरु संघीय ऐन बमोजिम दर्ता भएका गैरसरकारी संस्थाका सदस्य, कार्यसमितिका सदस्य वा पदाधिकारी र कर्मचारीका रुपमा संलग्न हुन पाउँने छैन।

**(११) गैरसरकारी संस्थाको प्रतिनिधित्वः** (१) कोहलपुर नगरपालिकाका विभिन्न विषयगत समितिहरु र नेपाल सरकारद्धारा गठन गरिने गैरसरकारी संस्था सम्बन्धि विभिन्न समिति वा उपसमितिमा गैरसरकारी संस्था महासंघ नेपालको सिफारिसका आधारमा विषयगत गैरसरकारी संस्थाको प्रतिनिधित्व हुनेछ।

**(१२) होर्डिङ्ग बोर्ड :** यस निर्देशिका बमोजिम सूचीकृत हुने हरेक सामाजिक संस्थाले आफ्नो संस्थाले गर्ने र गरिरहेको कामहरुको बारे सबैलाई जानकारी गराउँनको लागि एक होर्डिङ्ग बोर्ड राख्नु पर्नेछ।

# परिच्छेद-४

# गैरसरकारी संस्था र कोहलपुर नगरपालिकाको योजना तर्जुमा

**(१३) योजना तर्जुमा प्रक्रियामा गैससहरुको सहभागिता :** (१) कोहलपुर नगरपालिकाको योजना निर्माण प्रक्रियामा गैरसरकारी संस्थाहरुले आवश्यक सहयोग गर्नुपर्नेछ ।

(२) सम्बन्धित विषय र क्षेत्रको सूचना संकलनमा कोहलपुर नगरपालिकाको आवश्यकतानुसार सहयोग गर्नुपर्नेछ ।

(३) कोहलपुर नगरपालिकाको योजना निर्माण प्रक्रियाको प्रारम्भिक चरण देखि नै बैठकमा सम्बन्धित गैससहरुको सहभागिता र प्रतिनिधित्व गर्नुपर्नेछ ।

(४) गैससका सम्बन्धित विषय र क्षेत्रमा कार्यक्रमको दोहोरोपन हटाउन कोहलपुर नगरपालिकालाई सहयोग गर्नुपर्नेछ ।

(५) गैससहरुले कोहलपुर नगरपालिकाका योजना निर्माण र कार्यान्वयनबारे जनचेतना अभिवृद्धिमा आवश्यक सहयोग गर्नुपर्नेछ ।

**(१४) योजना कार्यान्वयनमा र साझेदारी :** (१) कोहलपुर नगरपालिका र विषयगत कार्यालयहरुको योजना कार्यान्वयनमा गैससहरुलाई आफ्नो स्रोत र क्षमतानुसार आर्थिक तथा प्राविधिक साझेदारी गर्नुपर्नेछ ।

(२) कोहलपुर नगरपालिकामा संचालित विकास आयोजनाहरुको गुणस्तर अभिवृद्धिका लागि सम्बन्धीत कोहलपुर नगरपालिकाबाट अनुरोध भई आएमा आवश्यकतानुसार ज्ञान, सीप, परामर्श तथा सुझाव उपलब्ध गराउनु पर्नेछ ।

(३) परियोजना समिक्षा बैठकहरुमा सहभागी हुने र पृष्ठपोषण दिनुपर्नेछ ।

**(१५) कोहलपुर नगरपालिकाको योजना अनुगमन तथा मूल्याङ्कन :** (१) कोहलपुर नगरपालिकाबाट संचालन हुने विकास आयोजनाको अनुगमन तथा मुल्याङ्कन प्रक्रियामा विषयगत गैससहरुलाई गैरसरकारी संस्था महासंघ नेपालको सिफारिसको आधारमा प्रत्यक्ष सहभागी गराइनेछ ।

(२) कोहलपुर नगरपालिकाले स्वतन्त्र रुपमा विकास आयोजनाको तेश्रो पक्ष मूल्याङ्कन गर्नेछ । जसमा कोहलपुर नगरपालिकामा रहेका दक्ष गैससहरुलाई प्राथमिकता दिइनेछ ।

**(१६) गैससका कार्यक्रम अनुगमन:** (१) कोहलपुर नगरपालिकाले नगरपालिकामा कार्यरत गैससहरुको परियोजना तथा कार्यक्रमहरु अनुगमन गर्नेछ । अनुगमन कार्यमा गैरसरकारी संस्था महासंघ नेपालको संस्थागत प्रतिनिधित्व गराइनेछ ।

(२) **दफा (१)** लागि कोहलपुर नगरपालिकामा अनुगमन कोष स्थापना गरी सोही कोषबाट खर्च गर्न सकिनेछ ।

## परिच्छेद-५

## बैदेशिक सहयोग तथा अन्तर्राष्ट्रिय गैसस सम्बन्धमा

**(१७) वैदेशिक सहयोग :** (१) कोहलपुर नगरपालिकामा परिचालन हुने वैदेशिक सहयोग कोहलपुर नगरपालिकामार्फत नै परिचालन हुने गरी सहयोग स्वीकार गरिनेछ ।

(२) उपदफा (१) बमोजिम कोहलपुर नगरपालिकामा प्राप्त वैदेशिक सहयोग कोहलपुर नगरपालिकामा सूचीकृत गैससहरु मार्फत मात्र परिचालन गरिनेछ ।

**(१८) एकद्धार प्रणाली सम्बन्धमा :** (१) कोहलपुर नगरपालिकामा कार्य क्षेत्र रहेका सम्पूर्ण गैससहरुले कार्यक्रमहरुलाई दोहोरोपन हुन नदिन एकद्धार प्रणाली अपनाइनेछ ।

**(१९)अन्तर्राष्ट्रिय गैसस सम्बन्धमा :**(१) कोहलपुर नगरपालिकामा काम गर्न चाहने अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुले कोहलपुर नगरपालिकामा स्थानीय गैरसरकारी संस्था मार्फत मात्र कार्य गर्नु पर्नेछ ।

(२) कुनै पनि अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले कोहलपुर नगरपालिकामा कार्यालय राखी कार्यक्रमहरु प्रत्यक्ष कार्यान्वयन गर्न पाउँने छैन् । तर स्थानिय गैससको साझेदारीमा काम गर्न रोक लगाईने छैन ।

## परिच्छेद-६

## विविध

**२०. पुरस्कार र प्रोत्साहन :** कोहलपुर नगरपालिकाले सामाजिक सेवा तथा विकास कार्यमा संलग्न भई जनताको अधिकार संरक्षण गर्ने तथा पछाडि पारिएको वर्ग र समुदायको हित, कल्याण र शसक्तिकरणका लागि उल्लेख्य योगदान पुऱ्याउने गैरसरकारी संस्थाहरुलाई प्रोत्साहित गर्न सामाजिक सेवा पुरस्कारहरुको स्थापना तथा वितरण गर्नेछ ।

**२१. सामाजिक विकास कोष :** गैरसरकारी संस्थाहरुमा कार्यरत कार्य समितिका पदाधिकारी, कर्मचारी एवं स्वयंसेवकहरुको थप क्षमता विकासको लागि कोहलपुर नगरपालिकाको तर्फबाट सामाजिक विकास कोषको स्थापना गरिनेछ ।

**२२. दण्ड सजाय :** कोहलपुर नगरपालिकामा कार्यरत गैरसरकारी संस्थाहरुले काम गर्ने क्रममा आर्थिक हिनामिना वा कानुन विपरित कार्य गरेको पाईएमा त्यस्ता संस्थाहरुलाई काम गर्न रोक वा खारेजीको लागि दर्ता गर्ने निकाय समक्ष सिफारिश गर्न सक्नेछ । तर, सो अगाडि उक्त संस्थालाई स्पष्टीकरण वा आवश्यक विवरण माग्नु पर्नेछ ।

**२३. मार्ग निर्देशिका बनाउने अधिकार :** यस निर्देशिकाको उद्देश्य कार्यान्वयन गर्न कोहलपुर नगरपालिकाले आवश्यक मार्गनिर्देशिका बनाउन सक्नेछ ।

**२४. आचार सहिंता :** गैरसरकारी संस्थाहरु स्वयंले आचार संहिता निर्माण गरी लागु गर्नु पर्नेछ ।

**२५. वाधा अड्काउ फुकाउने अधिकार :** (१) यस निर्देशिकाको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा कोहलपुर नगरपालिका वा नगरप्रमुखले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ । तर त्यस्तो आदेश कोहलपुर नगरपालिकाले ६ महिना भित्र नगरसभा बाट अनुमोदन गर्नुपर्नेछ, नगरेमा स्वत : निस्क्रिय हुनेछ ।

**२६. बचाउ र लागु नहुने :** (१) यो निर्देशिकामा लेखिए जति कुरामा सोही वमोजिम र नलेखिएको कुरामा प्रदेश तथा संघीय कानुन बमोजिम हुनेछ ।

(२) संविधानसंग बाझिएको यस निर्देशिका दफा तथा उपदफाहरु बाझिएको हदसम्म स्वतः निस्क्रिय हुनेछ ।

प्रमाणिकरण मिति : २०७६/०४/०१

आज्ञाले

दशरथ बुढा

प्रमुख प्रशासकिय अधिकृत